# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०३।२६ गते ।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

जिल्ला कृषि विकास कार्यालय, धनुषाका तत्कालीन कार्यालय प्रमुखसमेतले आ.ब. ०७४/०७५ मा माछाका भुरा वितरण गर्नको लागि अनुदान प्राप्त भएकोमा केही मात्र माछाका भुरा सरकारी फार्मबाट लिई बाँकी माछाका भुरा व्यक्तिगत फर्मबाट लिएर कृषकहरूलाई बाँड्दै नबाँडेको तथा बाँड्दै नबाडेका कृषकहरूको नाममा नक्कली भरपाईहरू बनाई सरकारी रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.व.२०७४/०७५ मा नेपाल सरकारबाट जिल्ला कृषि विकास कार्यालय, धनुषालाई कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम (राहत) मा मत्स्य भुरा वितरण गर्न विनियोजित बजेट रकम रू.२,३४,२८,०००/- (दुई करोड चौतीस लाख अठ्ठाइस हजार रूपैयाँ) बाट मत्स्य भुरा वितरण गर्ने प्रयोजनका लागि प्राप्त रकमलाई तत्कालीन कृषि विकास कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख सुकेश्वर झा, लेखापाल रामचन्द्र ठाकुर र प्राविधिक सहायक देवेन्द्रलाल कर्णसमेतको मिलेमतोमा माछाको भुरा निजी माछा फार्मबाट खरिद गर्दा उक्त माछा फार्मबाट प्राप्त नै नभएको माछाको भुराहरूलाई प्राप्त भएको देखाई, नक्कली बिलहरू बनाएको, माछाको भुरा वितरण गरेको भनी कृषकहरूको नक्कली नाम, ठेगाना खडा गरी हुँदै नभएको तथा भुरा प्राप्त नै नगरेका कृषकहरूको समेत नाम, ठेगाना, भुरा वितरण गरेको संख्या र नक्कली कागजात श्रेस्ता तथा दस्तखतसमेत गरी गराई लेखा स्रेस्ताहरू तयार गरी गर्न लगाई माछा फार्मलाई सरकारी रकम भुक्तानी दिने कार्य गरी **रू.७२,५९,०९०/- (बहत्तर लाख उनान्साठी हजार नब्बे रूपैयाँ)** हानीनोक्सानी गरेको देखिँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला कृषि विकास कार्यालय, धनुषाका तत्कालीन कार्यालय प्रमुख **सुकेश्वर झा** | रू.७२,५९,०९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू. बहत्तर लाख उनान्साठी हजार नब्बे रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला कृषि विकास कार्यालय, धनुषाका तत्कालीन लेखापाल **राम चन्द्र ठाकुर** | रू.७२,५९,०९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू.बहत्तर लाख उनान्साठी हजार नब्बे रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला कृषि विकास | रू.७२,५९,०९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को |

| | | | |
|---|---|---|---|
| | कार्यालय, धनुषाका तत्कालीन प्राविधिक सहायक **देवेन्द्रलाल कर्ण** | | देहाय (ङ) बमोजिमको कसुरमा बिगो रू.बहत्तर लाख उनान्साठी हजार नब्बे रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | सुदिश माछापालन केन्द्रका प्रोपराईटर **राम सुदिश शरण** | रू.७२,५९,०९०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांशबमोजिम कसुर गरेको देखिँदा मुख्य कसुरदारलाई बिगो रू.बहत्तर लाख उनान्साठी हजार नब्बे रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी विगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने